अमरगढी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

**चमेनागृह (क्यान्टिन) सञ्चालन सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

(तेस्रो पटक सूचना प्रकाशन मिति २०८०।०६।२४ गते)

यस अमरगढी नगरपालिकाको परिसर भित्र चमेनागृह सञ्चालन गर्न ईच्छुक नेपाली नागरिक, फर्म तथा संघसंस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी प्रस्ताव पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ। साथै सूचना यस कार्यालयको वेभसाइट www.amargadhimun.gov.np समेत हेर्न सकिनेछ ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको विवरण | धरौटी रकम | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र बुझाउने अन्तिम म्याद |
|---|---|---|---|---|---|
| AM/DDL/ SALES/02 -2080/81 | अमरगढी नगरपालिकाको परिसर भित्र चमेनागृह संञ्चालन गर्ने कार्य | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम | रु २००० ( अक्षरुपी दुई हजार) प्रति महिना | १००० | प्रकाशित भएको मितिले ८ औं दिनको १२।०० बजे |

**ठेक्का सम्बन्धी शर्तहरू :**

१.इच्छुक दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउ सम्बन्धी कागजात यो सूचना तेस्रोपटक प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र सम्बन्धित कार्यको लागीको आ.व. ०७९/८० को लागि फर्म/कम्पनीको नवीकरण भएको इजाजतपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्र तथा करचुक्ता आ.व. ०७८/७९ (फर्म वा संस्थाका लागी) वा ब्यक्तिका लागी प्यान दर्ता सहित निबेदन दिई प्रक्रिया पुऱ्याई दरभाउपत्र दस्तुर बापतको रकम रु. १,०००।- (अक्षेरुपी एक हजार) राजश्व बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिन बिहान १२ बजेभित्र यस कार्यालयको नाम सम्बोधन हुने गरी ठेक्का नं, ठेक्काको बिवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. समेत स्पष्ट खुलाई फारामहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षर भरी फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गर्न सकिनेछ । दर्ता भएका दरभाउपत्र सोही दिन दिउसो २:० बजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ साथै फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. दरभाउपत्र फाराम साथ बोलपत्र जमानत बापतको रकम (कबोल अंकको ५% ले हुने आउने रकम) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको धरौटी हि.खाता नं. ४०२०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको जमानीपत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ । साथै दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

५. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने

वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

६. दरभाउपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ५०% ले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंक लि., डडेल्धुरामा रहेको विभाज्य कोष खाता खाता नं. ४०२०१००३०६०१०००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र ठेक्का अंकले बुझाउन बाँकी ५०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तिमा १३ महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्रको सक्कल प्रति सम्झौताको बखत पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

७. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने मु.अ.कर, अग्रिम कर, आय कर लगायतका सम्पूर्ण करहरु दरभाउपत्रदाता स्वयंले आफनो तर्फबाट बुझाउनु पर्नेछ । तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन ।

८. चमेनागृह सञ्चालन गर्ने स्थान तथा भवन कार्यालयले उपलब्ध गराउने छ । चमेनागृह सञ्चानलका लागी आवश्यक अन्य सम्पुर्ण सामाग्रीको ब्यवस्थापन सञ्चालक स्वयमले गर्नेछ । र तेस्रापक्षले कार्यालयले उपलब्ध गराएको परिकारहरुको मुल्य सुचि अनुरुप मात्र बिक्रि बितरण गर्नु पर्नेछ ।

९. कार्यालयले तोकी दिएको समयमा मात्र चमेना गृह सञ्चालन गर्न पाईनेछ ।

१०.चमेनागृहमा विधुत तथा खानेपानी आपुर्तीको लागी तेस्रापक्षको नाममा बिधुत तथा खानेपानी मिटर प्रथम पक्षले जडान गर्नेछ । उक्त मिटरमा उठेको सम्पुर्ण रकम दोस्रो पक्षले नियमित रुपमा तिर्नुपर्नेछ ।

११.चमेनागृह सञ्चालकले प्रथम पक्षको पूर्व स्वीकृती बिना अन्य व्यक्ती वा संस्थालाई चमेनागृह हस्तान्तरण गर्न पाईने छैन ।

१२. ठेक्का अवधी नगरपालिंकासँग ठेक्का सम्झौता भएको मिति देखि दुई बर्षको सम्म रहनेछ ।

१३. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । वा फोन नम्बर ०९६४१०२२२ मा सम्पर्क राख्न सकिनेछ ।

१४. क्यानटिन सञ्चालकले खाध स्वच्छताको आधारमा होटल रेष्टुरेन्ट स्तरिकरण गर्ने सम्बन्धि प्रचलित कानुनमा ब्यवस्था बमोजिमको पुर्ण पालना गर्नुपर्ने छ ।

१५. कार्यालयले तोकेको न्युनतम भाडा मासिक रु २००० भन्दा अधिकतम कबुल गर्ने तथा न्युनतम मुल्यमा खाधान्न उपलब्ध गराउने ब्यक्ती तथा फर्मलाई क्यान्टिन सञ्चालनको लागी छनोट गर्नेछ ।

१६. क्यान्टिन सञ्चालकले सरसफाई र स्वास्थ्यबर्धक खाधान्य उपलब्ध गराउनु पर्नेछ ।

१७. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत